# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. : २०८०/८१ मिति : २०८१-०१-२८

च.नं. : ने.सं.: ११४४ वछलाथ्व, ०२ शुक्रबार

सूचना ! सूचना !! सूचना !!!

**विषय :- सामाजिक सुरक्षा भत्ताका लागि Biometric Verification अनिवार्य हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ३८५ मिति २०८१/०१/२४ गतेको पत्रानुसार मिति २०८१/०४/०१ गते देखि यस नगरपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचय पत्रमा आधारित **Biometric Verification** अनिवार्य गरिने भएकाले सोको लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले राष्ट्रिय परिचयपत्र बनाउनु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै राष्ट्रिय परिचय पत्रको लागि **Enrollment** भएका तर राष्ट्रिय परिचयपत्र नम्बर (**NIN**) प्राप्त नभएका लाभग्राही भएमा **http://citizenportal.donidcr.gov.np/CitizenPortal/** लिंक मार्फत नम्बर प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि यस नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुनेछ ।

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**

श्री सबैवडा कार्यालयः-सम्पुर्ण लाभग्राहीहरुलाई जानकारी गराई **Biometric Verification** अनिवार्य गर्नुहुन ।

श्री सूचना तथा प्रविधि शाखाः- वेवसाइट तथा आधिकारिक सामाजिक सञ्जालमा **Upload** गरिदिनुहुन ।


फोन नं. ०९१-५०८००१ फ्याक्स नं. ०९१-५५१३०५

ई-मेल: mungodawari@gmail.com वेभसाईट : www.godawarimunkailali.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल


पत्र संख्या :- ०८०।८१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३८५

सामाजिक सुरक्षा शाखा

मिति : २०८१/०१/२४
ने.सं. ११४४ चौलागा १३

श्री स्थानीय तहहरु सबै (७५३),
श्री वडा कार्यालयहरु सबै (६७४३)।

विषय:- Biometric Verification अनिवार्य गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस विभागको मिति २०८१/०१/१७ को निर्णयानुसार संलग्न वमोजिमका स्थानीय तहमा चरणवद्ध रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नवीकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिने भएकोले सोको लागि आवश्यक पर्ने देहायका कार्यहरु गर्न गराउन आवश्यक व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

देहाय:

१.सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको राष्ट्रिय परिचय नम्बर प्राप्त गरी नसकेको भए नजिकको Enrollment Station मा गई Enrollment गर्न आवश्यक सहजिकरण तथा जानकारी गर्नु गराउनुहुन ।

२.राष्ट्रिय परिचय पत्र Enrollment भएका तर राष्ट्रिय परिचय नम्बर (NIN ) प्राप्त नभएका लाभग्राही भएमा सेवा इकाईवाट http://citizenportal.donidcr.gov.np/CitizenPortal/ लिङ्कमार्फत नम्बर प्राप्त गर्न सहजिकरण गर्ने व्यवस्था मिलाउनुहुन।

३.दोस्रो चरण मिति २०८१/१०/०१ गते देखि Biometric Verification अनिवार्य गरिएका स्थानीय तहले विभागले उपलब्ध गराउने नमूना Specification अनुसार Biometric Scanner Device व्यवस्थापन गर्नुहुन।

बोधार्थ:

श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

श्री जिल्ला प्रशासन कार्यालय सबै – सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई प्राथमिकतामा राखी Enrollment गर्ने व्यवस्था मिलाउनुहुन।

श्री इलाका प्रशासन कार्यालय सम्वन्धित सबै - सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई प्राथमिकतामा राखी Enrollment गर्ने व्यवस्था मिलाउनुहुन।

गोदावरी नगरपालिका
दर्ता नं.: ६५३
मिति: २०८१/०१/२६

(जुना खड्का खत्री)
शाखा अधिकृत


Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np